# नरैनापुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल

पत्र सङ्ख्या:२०७७/०७८

चलानी नं.:

## व्यक्ति/फर्म/एजेन्सी/कम्पनीलाई आह्वान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०९/०९

प्रस्तुत विषयमा नरैनापुर गाउँपालिका बाँकेको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक योजना तथा कार्यक्रममा विपन्न/दलित/असहाय वर्गको सन्तानलाई प्रोत्साहित गरि आर्थिक पहुँच पुर्याउने र वालिकाको विद्यालय जाने दरमा वृद्धि गर्ने उद्देश्यले छोरी विमा कार्यक्रम (वालिका शिक्षा विमा) राखिएकोमा सो कार्यक्रममा देहायको सर्त र अवस्था राखी सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित व्यक्ति/फर्म/एजेन्सी/कम्पनीले गाउँपालिकाको सर्त र अवस्था मान्य हुने र न्युनतम प्रिमियममा अधिकतम आर्थिक सुविधा सहितको सिलबन्दी प्रस्ताव पेश गर्नु हुन यसै सूचना द्वारा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

तपसिल:-

(१) ४ वर्षको बच्चाको लागि रु.१,००,०००/- बिमांक वार्षिक वीमा शुल्क उल्लेख हुनु पर्ने।

(२) ४ वर्ष देखि १९ वर्ष उमेर समूहका विमित वालिकाको अधिकमा १ लाख सम्मको बिमांक रकम भएको हुनु पर्नेछ।

(३) विमितले प्राप्त गर्ने रकमबाट अधिकतम लाभ उपलब्ध गराउने व्यक्ति/फर्म/एजेन्सी/कम्पनीलाई बढी प्राथमिकता दिईनेछ।

(४) विमाको समयावधि १० वर्ष देखि १५ वर्ष सम्मको हुनेछ।

(५) लाभान्वित हुने बिमित संख्या उल्लेख हुनु पर्नेछ।

(६) कार्यक्षेत्र नरैनापुर गाउँपालिकाको सबै वडा (१-६) सम्मको स्थाई रुपमा बसोबास गर्ने नागरिकका सन्तानलाई र सामूदायिक विद्यालयमा भर्ना भएका छात्रालाई मात्र उक्त सुबिधा प्राप्त हुनेछ।

(७) विद्यालय जाने उमेर समूहका वालिका (छात्रा) प्रति घरधुरीका प्रति एक छात्रालाई मात्र उक्त सुबिधा प्राप्त हुनेछ।

(८) अन्य बच्चाको वीमाको साथ साथै अन्य सुबिधाको वीमा उल्लेख हुनु पर्ने।

२०७७/०९/०९

(बिजय कुमार यादव)

अधिकृत छैठौं

बिजय कुमार यादव
अधिकृत छैठो

ई-मेल:info@narainapurmun.gov.np

वेबसाइट:www.narainapurmun.gov.np